नेपाल सरकार
गृह मन्त्रालय
जिल्ला प्रशासन कार्यालय
डडेल्धुरा

सूचनाको हक सम्बन्धी ऐन २०६४ को दफा ५ को उपदफा (३) र (४) र नियमावली २०६५ को नियम ३ बमोजिम प्रकाशन गरिएको विवरण

आ.व. २०८२/०८३

(२०८३ साल बैशाख देखी ऐ. असार मसान्तसम्मको)

१. जिल्ला प्रशासन कार्यालय डडेल्धुराको स्वरुप र प्रकृतिः

जिल्लाको सामान्य प्रशासन सञ्चालनको लागि प्रत्येक जिल्लामा एउटा जिल्ला प्रशासन कार्यालय रहने व्यवस्था स्थानीय प्रशासन ऐन, २०२८ ले गरेको छ । नेपाल सरकारले सो कार्यालयको प्रमुख प्रशासकीय अधिकारीको रुपमा काम समेत गर्ने गरी प्रत्येक जिल्लामा एकजना प्रमुख जिल्ला अधिकारीको नियुक्ति गर्ने गर्दछ । नेपाल सरकारको प्रतिनिधिको रुपमा प्रमुख जिल्ला अधिकारीले प्रचलित कानून, नेपाल सरकारको नीति, निर्देशन रेखदेखमा रही सोही रुपमा काम गर्ने गर्दछ । हाल यस जिल्ला प्रशासन कार्यालय, डडेल्धुरामा प्रमुख जिल्ला अधिकारीको रुपमा श्री अमर बहादुर वली कार्यरत हुनुहुन्छ ।

२००७ सालमा प्रजातन्त्रको प्रादुर्भाव पश्चात् चुस्त एवं विकेन्द्रित प्रशासनको आवश्यकता महशुस गरी बडा हाकिमहरुको नियुक्ति गरेको पाइन्छ । सोही बखत काठमाण्डौं उपत्यका कमिश्नर मेजिष्ट्रेट ऐन, मधेश गोश्वारा ऐन, सामान्य प्रशासन र प्रहरी ऐनहरु निर्माण भएका थिए । यसै क्रममा गढी, गौडा र गोश्वाराको रुपमा गृह प्रशासनको कार्य संचालन भएको थियो । नेपालको संविधान २०१९ अनुसार नेपाललाई १४ अञ्चल, ७५ जिल्ला र ५ विकास क्षेत्रमा विभाजन गरिएको भएता पनि २०७२ सालमा जारी भएको नेपालको संविधान बमोजिम देशले संघीय शासन प्रणाली अबलम्बन गरे पश्चात हाल संघ, प्रदेश र स्थानीय तह गरी तिन तहका सरकारहरु सञ्चालनमा छन् र जिल्लाहरुको संख्या ७७ रहेको छ । स्थानीय प्रशासनलाई विकेन्द्रित प्रशासन व्यवस्था अनुरुप सञ्चालन गर्न तथा शान्ति सुव्यवस्थालाई प्रभावकारी रुपमा सञ्चालन गर्न स्थानीय प्रशासन ऐन, २०२८ लागु गरियो । उक्त ऐनको दफा ५ ले जिल्लाको सामान्य प्रशासन सञ्चालन गर्न प्रत्येक जिल्लामा एउटा जिल्ला प्रशासन कार्यालय रहने व्यवस्था गरे अनुसार डडेल्धुरा जिल्लामा पनि जिल्ला प्रशासन कार्यालयको स्थापना भएको हो । हाल यो कार्यालय डडेल्धुरा जिल्ला अमरगढी नगरपालिका वडा नं. ४ स्थित खलंगामा रहेको छ ।

प्रमुख जिल्ला अधिकारी

नेपाल सरकार
गृह मन्त्रालय
जिल्ला प्रशासन कार्यालय
डडेल्धुरा

## २. जिल्ला प्रशासन कार्यालयको काम, कर्तव्य र अधिकार

स्थानीय प्रशासन ऐन, २०२८ ले जिल्लाको प्रमुख प्रशासकीय अधिकारीको रुपमा रहने प्रमुख जिल्ला अधिकारी र जिल्ला प्रशासन कार्यालयको काम, कर्तव्य र अधिकार मुख्य रुपले देहाय बमोजिम हुने व्यवस्था गरेको छ ।

- जिल्लामा शान्ति, सुरक्षा र सुव्यवस्था कायम राख्ने ।
- जिल्लाभित्र नेपाल सरकार, प्रदेश सरकार र स्थानीय सरकार (नगरपालिका वा गाउँपालिका) ले सञ्चालन गरेका विकास निर्माणका कार्यहरुमा समन्वय, सहजीकरण र सहयोग गर्ने ।
- जिल्लाभित्र रहेको नेपाल सरकारको सबै सम्पत्तिको रेखदेख, मर्मत सम्भार र संरक्षण गर्ने/ गराउने ।
- संघ, प्रदेश र स्थानीय तहका सरकारका बिच समन्वय गर्ने ।
- नेपाल सरकारले समय समयमा दिएका आदेश/ निर्देशन अनुसार अन्य काम कारवाही गर्ने ।
- साथै जिल्ला प्रशासन कार्यालयबाट नागरिकता वितरण, राहदानीका लागि विवरण संकलन तथा प्राप्त तयारी राहदानी वितरण, राष्ट्रिय परिचय पत्रका लागि विवरण संकलन प्राप्त तयारी राष्ट्रिय परिचय पत्र वितरण, जिल्ला स्थित सरकारी कार्यालयहरुसँग समन्वय, उजुरी, जनगुनासो समाधान लगायतको अर्ध न्यायिक कार्य र नेपाल सरकारले तोकेका अन्य कार्यहरु सम्पादन गर्ने जिम्मेवारी रहेको छ ।

## ३. जिल्ला प्रशासन कार्यालय, डडेल्धुराका जिम्मेवार अधिकारी, कार्यरत कर्मचारी र कार्य विवरण

| सि.नं. | दर्जा | श्रेणी | संख्या | पूर्ति | रिक्त | कार्य विवरण |
|---|---|---|---|---|---|---|
| १ | प्रमुख जिल्ला अधिकारी | रा.प. प्रथम | १ | १ | १ | जिल्लामा नेपाल सरकारको प्रतिनिधिको रुपमा रही जिल्लामा शान्ति सुव्यवस्था, सुशासन र सुरक्षा व्यवस्था मिलाउने । |
| | | रा.प.द्वितीय | अख्तियारी प्राप्त | | | |
| २ | सहायक प्रमुख जिल्ला अधिकारी | रा.प.द्वितीय | १ | – | १ | प्रत्यायोजित अधिकार बमोजिम कार्य गर्ने । |
| ३ | प्रशासकीय अधिकृत | रा.प.तृतीय | २ | १ | १ | प्रत्यायोजित अधिकार बमोजिम कार्य गर्ने । |
| ४ | नायव सुब्बा | रा.प.अनं. प्रथम | ४ | ४ | – | फाँट प्रमुख भई सम्बन्धित फाँटले गर्ने तोकिएका कार्य सम्पादन गर्ने । |
| ५ | लेखापाल | रा.प.अनं. प्रथम | १ | १ | – | नियमानुसार लेखा सम्बन्धी श्रेस्ता राख्ने लेखापरीक्षण गराउने । |
| ६ | कम्प्युटर अपरेटर | रा.प.अनं. प्रथम | २ | १ | १ | सूचना प्रविधि तथा कम्प्युटर सम्बन्धी कार्य गर्ने । |
| ७ | खरिदार | रा.प.अनं. द्वितीय | ३ | २ | १ | सम्बन्धित फाँट प्रमुखको मातहतमा रही तोकिएको कार्य गर्ने । |
| ८ | ह.स.चा. | श्रेणी विहिन | १ | १ | – | सवारी साधन चलाउने र आवश्यकता अनुसार कार्यालयको अन्य कामकाज गर्ने । |
| ९ | कार्यालय सहयोगी | श्रेणी विहिन | ६ | ६ | – | सरसफाई, चिठ्ठी पत्र लगायतका कार्य गर्ने । |

अधिकारी

नेपाल सरकार
गृह मन्त्रालय
जिल्ला प्रशासन कार्यालय
डडेल्धुरा

४. जिल्ला प्रशासन कार्यालयबाट प्रदान गरिने सेवा

क) स्थानीय प्रशासन तथा शान्ति सुरक्षा सम्बन्धी सेवाः

- नाम, थर वा उमेर आदि प्रमाणित ।
- नाबालक परिचयपत्र सम्बन्धी ।
- पेन्सन तथा रहलपहल सिफारिस ।
- दलित, आदिवासी जनजाति प्रमाणित ।
- पत्रपत्रिका दर्ता ।
- छापाखाना दर्ता ।
- पारिवारिक विवरण प्रमाणित ।
- सुरक्षा निकाय परिचालन तथा समन्वय
- विविध कार्य ।

(ख) राहदानी सम्बन्धी सेवाः

- राहदानी फाराम संकलन ।
- राहदानी वितरण ।
- राहदानीको विवरण संशोधन ।
- E Passport सम्बन्धि कार्य ।

(ग) नागरिकता सम्बन्धी सेवाः

- बंशजको आधारमा नागरिकताको प्रमाणपत्र वितरण ।
- बैवाहिक अंगीकृत नागरिकताको प्रमाणपत्र वितरण ।
- गैर आवासिय नेपाली नागरिकलाई नागरिकता वितरण ।
- नागरिकताको प्रमाणपत्रको प्रतिलिपी वितरण ।
- नागरिकताको विवरण संशोधन ।

(घ) मुद्दा तथा ठाडो उजुरी सम्बन्धी सेवाः

- गुनासो वा ठाडो उजुरी दर्ता ।
- मुद्दा दर्ता सुनुवाई र निर्णय ।

(ङ) हातहतियार इजाजत तथा नवीकरण सम्बन्धी सेवाः

- हातहतियार इजाजत, स्वामित्व हस्तान्तरण, नवीकरण र नामसारी ।

(च) संस्था दर्ता तथा नवीकरण सम्बन्धी सेवाः

- संस्था दर्ता ।

अधिकारी

नेपाल सरकार
गृह मन्त्रालय
जिल्ला प्रशासन कार्यालय
डडेल्धुरा

- संस्था नवीकरण ।
- संस्थाको विधान संशोधन ।
- जिल्लामा संस्थाको शाखा खोल्ने र कार्यक्रम सञ्चालन गर्ने स्वीकृति ।

(छ) विपद् ब्यवस्थापन सम्बन्धी सेवाः

- जिल्ला विपद् ब्यवस्थापन समितिको बैठक ब्यवस्थापन ।
- विपद् सम्बन्धी कार्ययोजना निर्माण ।
- विपद् जोखिम न्यूनीकरणका लागि तयारी ।
- विपद् भएको क्षति विवरण संकलन ।
- विपद् पीडित व्यक्ति/परिवारलाई क्षतिपूर्ति एवं राहत वितरण, पुर्नस्थापना तथा पुर्ननिर्माण ।

**(ज) राष्ट्रिय परिचयपत्र ब्यवस्थापन सम्बन्धी सेवा :**

- राष्ट्रिय परिचयपत्रको लागि विवरण दर्ता ।
- राष्ट्रिय परिचयपत्र (कार्ड) वितरण ।

**(झ) सुशासन/सार्वजनिक सेवा प्रवाह सम्बन्धी सेवाहरु :**

**(ञ) अनुगमन तथा मूल्यांकन सम्बन्धी कार्यहरु :**

**(ट) जिल्लामा सञ्चालन भएका विकास निर्माण कार्यको अनुगमन, समन्वय र सहजीकरण ।**

**५. जिल्ला प्रशासन कार्यालयका शाखा र जिम्मेवार अधिकारी ।**

| सि. नं. | शाखा | फाँटमा काम गर्ने व्यक्ति | जिम्मेवार अधिकारी | गुनासो सुन्ने अधिकारी |
|---|---|---|---|---|
| १ | स्थानीय प्रशासन/मुद्दा | ना.सु. श्री जनक राज पन्त<br>का.स. श्री गेहेन्द्र ठकुराठी | प्र.जि.अ. श्री अमर बहादुर वली | प्र.जि.अ./स.प्र.जि.अ. |
| २ | लेखा शाखा | ले.पा. श्री कृष्ण प्रसाद भण्डारी | " | प्र.जि.अ./स.प्र.जि.अ |
| ३ | जिन्सी शाखा | क.अ. श्री नवराज गौतम | " | प्र.जि.अ. |
| ४ | नागरिकता शाखा | ना.सु. श्री मनोज कुमार चन्द<br>ना.सु. श्री निरज महता<br>क.अ.श्री नवराज गौतम<br>खरिदार श्री विजय कुमार वि.क.<br>का.स.श्री पार्वती भट्ट | प्रशासकीय अधिकृत | प्र.जि.अ./स.प्र.जि.अ. |
| ५ | राहदानी शाखा | खरिदार श्री धिरेन्द्र भण्डारी | " | प्र.जि.अ./स.प्र.जि.अ. |
| ६ | कम्प्युटर शाखा | क.अ. श्री नवराज गौतम<br>क.अ. श्री घनश्याम जोशी | " | प्र.जि.अ./स.प्र.जि.अ. |
| ७ | राष्ट्रिय परिचयपत्र ब्यवस्थापन शाखा | क.अ. श्री घनश्याम जोशी | " | प्र.जि.अ./स.प्र.जि.अ. |

नेपाल सरकार
गृह मन्त्रालय
जिल्ला प्रशासन कार्यालय
डडेल्धुरा

६. सेवा प्राप्त गर्न लाग्ने दस्तुर र अवधिः यस कार्यलयको Web Site मा उल्लेख भएको नागरिक बडापत्र बमोजिम ।

७. निर्णय गर्ने प्रकृया र अधिकारी ।

(क) निर्णय गर्ने प्रकृयाः सुशासन (ब्यवस्थापन तथा सञ्चालन) ऐन २०६४ र नियमावली २०६५, सरकारी निर्णय प्रक्रिया सरलीकरण निर्देशिका, २०६५ एवं सूचनाको हक सम्बन्धी ऐन, २०६४ लगायत प्रचलित कानून बमोजिम ।

(ख) निर्णय गर्ने अधिकारी :

- प्रमुख जिल्ला अधिकारी ।
- सहायक प्रमुख जिल्ला अधिकारीः प्रमुख जिल्ला अधिकारीबाट अधिकार प्रत्यायोजन भए बमोजिम ।
- प्रशासकीय अधिकृतः प्रमुख जिल्ला अधिकारीबाट अधिकार प्रत्यायोजन भए बमोजिम ।

८. निर्णय उपर उजुरी सुन्ने अधिकारीः प्रचलित कानून बमोजिम ।

९. सम्पादन गरेको कामको विवरणः (मिति २०८३ बैशाख ०१ देखि ऐ असार मसान्तसम्म)

| सि.नं. | सम्पादन गरेको काम | कामको विवरण | कैफियत |
|---|---|---|---|
| १ | नयाँ नागरिकता वितरण | २१०६ | |
| २ | नागरिकताको प्रतिलिपी वितरण | ११२७ | |
| ३ | पुरानो नागरिकता अभिलेखिकरण | ५२ | |
| ४ | नाबालक परिचयपत्र | ६ | |
| ५ | साधारण राहदानी फारम संकलन | ४४८ | |
| ६ | राहदानी वितरण | ५६८ | |
| ७ | गुनासो वा ठाडो उजुरी | ७ | |
| ८ | नामथर, दलित, आदिवासी जनजाती लगायत प्रमाणित | १५४ | |
| ९ | सिसि क्यामेरा जडान जानकारी | १ | |
| १० | पेन्सन र रहलपहल सिफारिस | - | |
| ११ | संस्था दर्ता | ४ | |
| १२ | संस्था नवीकरण | ४ | |
| १३ | विविध सिफारिस | २२ | |
| १४ | पत्रपत्रिका दर्ता | - | |
| १५ | हातहतियार नामसारी | - | |
| १६ | हातहतियार नवीकरण | ५१ | |

नेपाल सरकार
गृह मन्त्रालय
जिल्ला प्रशासन कार्यालय
डडेल्धुरा

| | | | |
|---|---|---|---|
| १७ | विष्फोटक पदार्थ इजाजतपत्र जारी | - | |
| १८ | विष्फोटक पदार्थ इजाजतपत्र नवीकरण | - | |
| १९ | मुद्दा दायर | ४३ | |
| २० | मुद्दा फछ्र्यौट | १८ | |
| २१ | राहत वितरण | - | |
| २२ | कार्यालय अनुगमन | २ पटक | |
| २३ | राष्ट्रिय परिचयपत्रको विवरण संकलन | ३५६६ | |
| २४ | राष्ट्रिय परिचयपत्र (कार्ड) वितरण | ८५४ | |
| २५ | खाद्य नमूना संकलन | ९ | |
| २६ | बजार अनुगमन | ६ पटक | |
| २७ | विपद् राहत वितरण | - | |
| २८ | द्वन्द पिडित परिवारलाई वितरण गरिएको राहत रकम तथा परिवार संख्या | १,८९,०००/- | परिवार संख्याः ५ जना |
| २९ | DCMC को बैठक संख्या | - | |
| ३० | जिल्ला विपद् ब्यवस्थापन समिति बैठक संख्या | १ पटक | |
| ३१ | स्थानीय तहसंग समन्वय बैठक | ३ पटक | |
| ३२ | स्वास्थ्य बैठक | ३ पटक | |
| ३३ | जिल्ला सुरक्षा समिति बैठक | ७ पटक | |
| ३४ | बढुवा समिति बैठक | - | |
| ३५ | मुआब्जा निर्धारण समिति बैठक | - | |
| ३६ | जग्गाको न्यूनतम मुल्य निर्धारण समितिको बैठक | - | |
| ३७ | विविध बिषय बस्तु सम्बन्धि बैठक | १४ पटक | |
| ३८ | जिल्ला दररेट निर्धारण समितिको बैठक | १ पकट | |

**१०. यस बाहेक यस अवधीमा सम्पादन गरेका थप कार्यहरूको विवरण देहाय वमोजिम रहेका छन् ।**

क. **कार्यालय प्रमुखको नियमित बैठक संचालनः** प्रत्येक महिनाको २ गते कार्यालय प्रमुखको बैठकको नियमित आयोजना गरी कार्यालयका विद्यमान समस्याहरु र समाधानका उपायहरु, नेपाल सरकार र प्रदेश सरकारबाट प्राप्त नीति निर्देशनहरुका सम्बन्धमा जानकारी, कार्यालयका कार्यक्रम/प्रगति र जिल्लाका समसामयिक विषयहरुमा छलफल गरी अघिल्ला बैठकका निर्णयहरुको कार्यान्वयनको अवस्था तथा प्रगती बारे बैठकमा छलफल तथा आगामी दिनका लागि रणनीति तय गरी प्रभावकारी रुपमा कार्यान्वयन गर्न विभिन्न निर्णय गर्ने गरिएका छन् ।

नेपाल सरकार
गृह मन्त्रालय
जिल्ला प्रशासन कार्यालय
डडेल्धुरा

ख. **कार्यालय बैठक संचालनः** प्रत्येक महिनाको १ पटक जिल्ला प्रशासन कार्यालयका सम्पूर्ण कर्मचारीहरु उपस्थित भै कार्यालयको वार्षिक कार्य योजना, भौतिक अवस्था, सुधारका सम्भावना, कर्मचारीका व्यक्तिगत समस्याहरु, आचरण, अनुशासन र कार्यालयबाट प्रवाह गरिने सेवाहरुका सम्बन्धमा छलफल तथा विभिन्न निर्णयहरु गरी प्रभावकारी रुपमा कार्यन्वयन गर्दै आएको ।

ग. **गै.स.स. हरुको Profile तयारीः** डडेल्धुरा जिल्लामा दर्ता भै हालसम्म नविकरण गरिएका गै.स.स.हरुको नाम, ठेगाना, दर्ता मिति, मूख्य कार्यक्षेत्र, उद्देश्य, एवं आ.व. २०८२/०८३ मा प्रस्तावित कार्यक्रमहरुको विवरण र संचालित कार्यक्रमहरुको अवस्था बारेको गै.स.स. Profile तयार तयार पार्ने तथा प्रत्येक महिनामा ६ (छ) वटा गै.स.स.हरुको अनुगमन निरिक्षण गरी गै.स.स.संग समन्वय तथा आवश्यक निर्देशन दिईएको ।

घ. **समयभित्र सम्पन्न हुन नसकेका रुग्ण आयोजनाहरुको विवरण संकलनः** यस जिल्ला भित्र विभिन्न निकायहरुद्वारा संचालित विकास आयोजनाहरु मध्ये समय भित्र सम्पन्न एवं सञ्चालन हुन नसकी रुग्ण बन्न पुगेका भात्कांडा-रेल सडक, भिम दत्त राजमार्ग, गैरा-उणिकोट सडक आयोजनाहरुको विवरण संकलन गरी प्रमुख जिल्ला अधिकारी स्वयंले सम्बन्धित पक्षहरुसँग छलफल गरी आयोजना पुनः सुचारु एवं सञ्चालन हुने वातावरण निर्माण गरी हाल यी सडकहरुमा निर्माण कार्य सूचारु गरी सम्पन्नको चरणमा रहेका छन् ।

ङ. **सूचना अधिकारीहरुको बैठक र सञ्चार कार्यः** यस जिल्लाका सम्पूर्ण कार्यालय (सार्वजनिक संस्थान समेत) मा तोकिएका सूचना अधिकारीहरु र जिल्ला स्थित सञ्चारकर्मीहरुको बैठक नियमित रुपमा बसी सो बमोजिम बैठक आयोजना गरी सूचनाको हक सम्बन्धी ऐन र नियमावली बमोजिम सूचना अधिकारीले निर्वाह गर्नुपर्ने भूमिका र दायित्व विषयमा सू– सूचित गरिएको साथै सूचना अधिकारीहरुको विवरण अद्यावधिक गरी जिल्ला प्रशासन कार्यालयको web page मार्फत समेत सार्वजनिक गरिएको छ ।

च. **मेला/महोत्सवः** यस जिल्लामा विभिन्न संघ संस्थाहरुले लगाएका मेला मोहत्सवहरुमा भरपर्दो सुरक्षा व्यवस्था मिलाई कुनै किसिमको अपृय घटनाहरु घट्न नदिई यि मेला पर्वहरु शान्तिपुर्ण ढंगबाट सम्पन्न गरिएका छन ।

छ **स्थानीय तहका प्रमुख र सुरक्षा निकायका प्रमुखहरुबिच समन्वय बैठक सम्पन्नः** यस जिल्लाका ७ (सात) वटै स्थानीय तहहरुसंग सबै सुरक्षा निकायका प्रमुखहरु सहितको समन्वय बैठक आयोजना गरी जिल्लामा शान्ति सुरक्षा अमनचयन कायम गर्ने, विकास निर्माणलाई थप प्रभावकारी बनाउने कार्य थालनी गरिएको छ ।

ज **सार्वजनिक जग्गा तथा सम्पत्तिको संरक्षण/सम्बर्द्धनः** सार्वजनिक जग्गा र सम्पत्तिहरुको संरक्षण गर्ने, प्राकृतिक स्रोत साधनको उचित संरक्षण र परिचालन गर्ने तथा दुरुपयोग हुन नदिने, जुवातास, लागु औषध, अवैध मदिरा नियन्त्रण गर्ने लगायतका विषयमा छलफल तथा निर्णयहरु भई प्रभावकारी रुपमा कार्यान्वयनमा ल्याईएको छ ।

जिल्ला अधिकारी

नेपाल सरकार
गृह मन्त्रालय
जिल्ला प्रशासन कार्यालय
डडेल्धुरा

झ. **सर्वपक्षीय बैठकः** लागु औषधको सेवन, बिक्री बितरण तथा ओसार पसारलाई पूर्ण रुपले बन्देज गर्न तथा लागु औषधले समाजमा पुऱ्याएको अपराधिकरणलाई न्यूनिकरण गर्न जिल्लामा उपस्थित राजनीतिक दल, नागरिक समाज, पत्रकार, सर्वसाधारण तथा सरोकारवाला निकायका पदाधिकारीहरुको सहभागितामा विस्तृत छलफल भई यस जिल्लालाई लागु औषधको सेवन, विक्री वितरण तथा ओसार पसारलाई न्यूनीकरण गर्न आ-आफ्नो तर्फबाट साथ सहयोग गर्ने प्रतिबद्धता व्यक्त गरेका छन् । सोही बैठकबाट जिल्लामा लागु औषध नियन्त्रण लगायतका गैरकानुनी काम कारवाहीलाई निरुत्साहित गर्ने कार्यमा महत्वपूर्ण सहयोग पुगेको छ ।

ञ. **कार्यालयलाई थप सेवाग्राही मैत्री बनाइदैः** जिल्ला प्रशासन कार्यालय, डडेल्धुरामा सेवा लिन आउने नागरिकहरूको हित र सुविधालाई ध्यानमा राखी अधिकतम सेवाग्राही मैत्री कार्यालय बनाउने प्रयास स्वरुप तातो, चिसो पिउने पानीको व्यवस्था, कार्यालय परिसरलाई Free WiFi Zone, सेवाग्राही प्रतिक्षालय, Help Desk, स्तनपान कक्ष, लिखित र Digital नागरिक बडापत्र, राहदानी र राष्ट्रिय परिचयपत्रको फाराम भर्नमा सहजीकरण, सेवाग्राही पृष्ठपोषण सुझाव पेटिका राख्ने व्यवस्था गरिएको ।

ट. **राष्ट्रिय परिचयपत्रको विवरण संकलनको सुरुवात र हालसम्मको प्रगतिः** यस जिल्लामा मिति २०७७ भाद्र २२ गते देखि औपचारिक रुपमा राष्ट्रिय परिचयपत्रको विवरण संकलनको सुरुवात भई हालसम्म निरन्तर जारी रहेको छ र २०८० पौष महिना देखी राष्ट्रिय परिचय– पत्रका कार्डहरु समेत वितरण गर्ने कार्यलाई थप प्रभावकारी बनाइएको छ ।

ठ. **बजार अनुगमनः** उपभोक्ता संरक्षण ऐन, २०७५ ले उपभोक्ताहरुको हक, हित र अधिकारलाई संरक्षित गरी गुणस्तरीय सामान उचित मूल्य र मात्रामा पाउने अधिकारलाई संरक्षण गर्न स्थानीय बजारहरुबाट हुने कालोबजारी तथा महत्वपूर्ण चाडबाडको समयमा हुन सक्ने मुल्य बृद्धि, कालो बजारी, दैनिक उपभोग्य बस्तुको कृत्तिम अभाव श्रृजना हुन नदिन यस कार्यालयको प्रमुख अगुवाईमा नियमित रुपमा गर्दै आएको बजार अनुगमनलाई थप प्रभावकारी बनाई सम्बन्धित स्थानिय तहहरु, उद्योग वाणिज्य संघ, डडेल्धुरा, पत्रकार तथा उपभोक्ता हकहितसंग आबद्ध संघ,संस्थाहरु समेतको सहभागितामा पटक-पटक गरी अमरगढी नगरपालिका, परशुराम न.पा., अजयमेरु गा.पा. , भागेश्वर गा.पा., गन्यापधुरा, आलिताल र नवदुर्गा गा.पा.को मुख्य मुख्य बजार क्षेत्रमा यस त्रैमासिक अवधीमा गरी कुल १८३ किराना पसल, ४८ वटा होटल, ६३ वटा तरकारी पसल र ४२ वटा मासु पसल तथा २१ वटा औषधी पसलहरुमा संयुक्त रुपमा बजार अनुगमन कार्य सम्पन्न गरिएको छ । अनुगमन क्रममा म्याद सकिएका सामानहरु जफत गरी नष्ट गरिएको छ । अनुगमनको क्रममा केही ब्यवसायीहरुले मूल्य सूची, साइन बोर्ड नराख्नुको साथै पसल व्यवसाय समयमा नै दर्ता तथा नविकरण गरेको नपाइएकोले उक्त कमजोरीहरु तत्काल सुधार गर्नको लागि निर्देशन दिइएको छ । अनुगमनको क्रममा अखाद्य/म्याद नाघेका/सडेगलेका बस्तुहरु तत्काल अनुगमनमा कार्यमा खटिएका पदाधिकारीहरुको रोहोवरमा जलाई नष्ट गरिएको छ भने बजार अनुगमनको क्रममा खाद्य बस्तुको मुल्य बृद्धि, कृत्तिम अभाव, कालो बजारी भएको नदेखिएकाले बजारबाट सर्व सुलभ ढंगबाट खाद्यन्न आपुर्ति गराईएको छ ।

जिल्ला अधिकारी

ड. **सडकको निर्माण तथा सुधार कार्यः** हिउँदे बर्षाका कारण बन्द हुन सक्ने यस जिल्लाका मुख्य तथा ग्रामिण सडकहरु सडक डिभिजन कुलपाते, पूर्वाधार विकास कार्यालय र स्थानीय तहहरुसंग समन्वय गरी तत्काल अबरुद्ध सडकलाई सफा गरी सूचारु गर्ने व्यवस्थापन गरी हाल जिल्लामा रहेका मुख्य तथा सहायक राजमार्गहरुमा आम सर्वसाधारण/यातायात व्यवसायीहरूले सहज र आरामदायी यात्राको प्रवन्ध मिलाईएको छ।

ढ. यस जिल्लामा पुर्वाधार विकास निर्माणका कार्य गर्ने कार्यलयहरुसंग योजनाको अवस्था लगायतका विषयमा सर्वपक्षिय बैठकको आयोजना गरी पूर्वाधार विकासलाई थप प्रभावकारी बनाईएको छ ।

ण. ऐतिहासिक तथा पर्यटकिय दृष्टिकोणले अति महत्वपुर्ण यस जिल्लाको केन्द्रमा रहेको अमरगढी किल्ला, अजयमेरु कोटको जिल्ला स्थित सुरक्षा निकायहरु लगायत सरोकारवाला समेतको सहभागितामा सरसफाई गर्ने कार्यलाई निरन्तरता दिइएको छ ।

त. यस कार्यालयबाट प्रवाह गरिने राहदानी तथा राष्ट्रिय परिचय पत्रका लागि विवरण संकलन गर्ने प्रयोजनका लागि कार्यालयबाटै आवेदन फाराम भर्ने व्यवस्था मिलाईएको छ । राष्ट्रिय परिचय पत्र र राहानी कार्ड कार्यालयमा प्राप्त हुना साथ सम्बन्धितलाई तत्काल टेलिफोन मार्फत सेवाग्राहीलाई खबर गरी सेवा प्रवाहलाई थप सरलीकरण गरी प्रभावकारी बनाईएको छ ।

थ. सडक डिभिजन कार्यालय डोटीको कार्य क्षेत्र भित्र रहेको यस जिल्लाको बागबजार देखी उग्रतारा मन्दिरको मुलगेटसम्म सडक दांयाबांया १५/१५ मिटर भित्र पर्ने जग्गाको मुआव्जा वितरण गर्ने कार्यलाई सम्पन्न गराई सडक स्तरोन्नती कार्यलाई के कसरी अगाडी बढाउन सकिन्छ सम्बन्धित सरोकारवालासंग नियमित रुपमा समन्वय छलफल अगाडी बढाईएको छ ।

द. स्वास्थ्य विज्ञान संकाय डडेल्धुरा अन्तर्गत सञ्चालित डडेल्धुरा मेडिकल कलेजको प्रयोजनको लागि आवश्यक पर्ने जग्गाका लागि पहल गरिएको छ । डडेल्धुरा अस्पताल डडेल्धुरामा आम सर्व साधारणले भरपर्दो स्वास्थ्य सेवाका लागि सर्वपक्षिय/सर्वदलिय बैठक आयोजना गरी सो अस्पतालका सम्पुर्ण सेवाहरु लाई प्रभावकारी रुपमा सञ्चालन गरिएको छ ।

ध. यस जिल्ला मुख्य मुख्य सडक खण्डको निर्माण कार्य गुणस्तर न्यू भएको र निर्माण कार्यमा समेत ढिलाई भई रहेको भन्ने जन गुनासा आई प्रमुख जिल्ला अधिकारी स्वयम् सम्पुर्ण सडकहरुको स्थलगत निरिक्षण गरी तोकिएको गुणस्तरमा द्रुत गतिमा सडक निर्माण कार्य अगाडी बढाउन सरोकारवालासंग समन्वय सहजीकरण तथा निर्देशन गरिएको छ ।

न. नेपाल सरकार मन्त्रिपरिषदको मिति २०८२ चैत्र १३ को बैठकबाट शासकीय सुधार सम्बन्धी एक सय कार्य सूचीमा यस कार्यालयबाट तत्काल कार्यान्वयन गर्नु पर्ने बुदाहरु प्रभावकारी रुपमा कार्यान्वयन भइरहेको छ ।

नेपाल सरकार
गृह मन्त्रालय
जिल्ला प्रशासन कार्यालय
डडेल्धुरा

१. कार्यालय प्रमुख र सूचना अधिकारीको विवरण :

(क) कार्यालय प्रमुख :

नामः अमर बहादुर वली

पद : प्रमुख जिल्ला अधिकारी

सम्पर्क नं. ९८५८७१७७७७

(ख) सूचना अधिकारी :

नामः चन्द्र बहादुर रोकाया

पदः प्रशासकीय अधिकृत

सम्पर्क नं.- ९८५८४८६६६६

१०. ऐन नियम, विनियम वा निर्देशिकाको सूची :

- स्थानीय प्रशासन ऐन, २०२८
- नागरिकता ऐन, २०६३
- राहदानी ऐन, २०७६
- विष्फोटक पदार्थ ऐन, २०१८
- भ्रष्टाचार निवारण ऐन, २०५९
- राष्ट्रिय मानव अधिकार आयोग ऐन, २०५३
- यातना सम्बन्धी क्षतिपूर्ति ऐन, २०५३
- राज्य विरुद्धको अपराध र सजाय ऐन, २०४६
- लागु औषध (नियन्त्रण) ऐन, २०३३
- सशस्त्र प्रहरी ऐन, २०५८
- सुशासन (व्यवस्थापन तथा संचालन) ऐन, २०६४
- संस्था दर्ता ऐन, २०३४
- सार्वजनिक सुरक्षा ऐन, २०४६
- संक्षिप्त कार्यविधि ऐन, २०२८
- हातहतियार तथा खरखजाना ऐन, २०१९
- होटल व्यवस्था तथा मदिराको विक्री वितरण (नियन्त्रण) ऐन, २०२३
- उपभोक्ता संरक्षण ऐन, २०७५
- कारागार ऐन, २०१९
- कालो बजार तथा केही अन्य सामाजिक अपराध तथा सजाय ऐन, २०३२

जिल्ला अधिकारी

नेपाल सरकार
गृह मन्त्रालय
जिल्ला प्रशासन कार्यालय
डडेल्धुरा

- खाद्य ऐन, २०२३
- छापाखाना र प्रकाशन सम्बन्धी ऐन, २०४८
- जलश्रोत ऐन, २०४९
- जग्गा प्राप्ति ऐन, २०३४
- जन्म, मृत्यु तथा अन्य व्यक्तिगत घटना (दर्ता गर्ने) ऐन, २०३३
- प्रहरी ऐन, २०१२
- उमेर नाम र जात सच्चाउने नियमहरु, २०१७
- नागरिकता नियमावली, २०६३
- कारागार नियमावली, २०२०
- खाद्य नियमावली, २०२७
- छापाखाना र प्रकाशन सम्बन्धी नियमावली, २०४९
- जलश्रोत नियमावली, २०५०
- सुशासन (व्यवस्थापन तथा संचालन) नियमावली, २०६५
- हातहतियार तथा खरखजाना नियमावली, २०२८
- प्रहरी नियमावली, २०२८
- राहदानी नियमावली, २०७७
- सशस्त्र प्रहरी नियमावली, २०६०
- संस्था दर्ता नियमावली, २०३४
- विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन ऐन, २०७४
- विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन नियमावली, २०७६

प्रमुख जिल्ला अधिकारी

नेपाल सरकार
गृह मन्त्रालय
जिल्ला प्रशासन कार्यालय
डडेल्धुरा

१२. आम्दानी खर्च तथा आर्थिक कारोवार सम्बन्धी अद्यावधिक विवरण :

| आ.व. २०८२/०८३ को लागि स्वीकृत बजेट | | २०८३ असार मसान्त सम्मको खर्च | आम्दानी | |
|---|---|---|---|---|
| बजेट शीर्षक | रकम | रकम | विवरण | रकम |
| चालु | २,०८,०१,६८०.०० | १,७३,१८,३७९.५२ | राहदानी वापत | ७७,७५,०००.०० |
| | | | सरकारी सम्पत्ति बेचबिखन | - |
| | | | संघ संस्था दर्ता/नवीकरण | ८४,८००.०० |
| पूँजीगत | ३६,०५,०००.०० | ३१,८१,११३.०० | अन्य प्रशासनिक सेवा शुल्क | १,७००.०० |
| | | | परीक्षा शुल्क | ४२,०००.०० |
| | | | प्रशासनिक दण्ड जरिवाना | ८८,०००.०० |
| | | | हातहतियार नवीकरण | १,५९,९२५.०० |
| जम्मा | २,४४,०६,६८०.०० | २,०४,९९,४९२.५२ | | ८,१५,१४,२५.०० |

१३. तोकिए बमोजिमका अन्य विवरण: कार्यलयको Web Site र नागरिक वडा पत्रबाट हेर्न सकिने ।

१४. अघिल्लो आ.व.मा कुनै कार्यक्रम वा आयोजना संचालन गरेको भए सोको विवरण: नभएको ।

१५. सार्वजनिक निकायको वेबसाइट भए सोको विवरण:

वेबसाइट : https://daodadeldhura.moha.gov.np

इमेल : daodadeldhura133@gmail.com, daodadeldhura@moha.gov.np

१६. सार्वजनिक निकायले प्राप्त गरेको बैदेशिक सहायता, ऋण, अनुदान एवं प्राविधिक सहयोग र सम्झौता सम्बन्धी विवरण : नभएको ।

१७. सार्वजनिक निकायले संचालन गरेको कार्यक्रम र सोको प्रगति विवरण : नभएको ।

१८. सार्वजनिक निकायले वर्गिकरण तथा संरक्षण गरेको सूचनाको नामावली र त्यस्तो सूचना संरक्षण गर्न तोकिएको समयावधि : नभएको ।

१९. सार्वजनिक निकायमा परेका सूचना माग सम्बन्धी निवेदन र सो उपर सूचना दिइएको विषय : एक वटा सूचना प्रदान गरिएको ।

२०. सार्वजनिक निकायका सूचनाहरु अन्यत्र प्रकाशन भएका वा हुने भएको भए सोको विवरण : कार्यालयको Web Site, Fecebock Page र सूचना पार्टीमा प्रकाशन गरिएको ।

तयार गर्ने:

प्रमाणित गर्ने:

अधिकारी